**नेपाल सरकार**

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्रेस विज्ञप्ति

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री अमनलाल मोदीज्यूको अध्यक्षतामा यस मन्त्रालय र अन्तर्गत आ.व.२०७९/०८० मा संचालित कार्यक्रम तथा आयोजनाको बार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक मिति २०८० साउन २२ गते सोमबार सम्पन्न भयो । उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. आर.पी. बिच्छा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव डा. कृष्णहरि पुस्कर, मन्त्रालयका सह-सचिवहरु तथा विभागका महानिर्देशकहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि तथा कार्यक्रम/आयोजनाका प्रमुख, समिति, आयोग र प्रतिष्ठानहरुका कार्यकारी निर्देशकहरु साथै अन्य कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय श्री अमनलाल मोदीज्यूले आ.ब.०७९/०८० को समग्र भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेता पनि थप उत्साहप्रद बनाउनका लागि बजेट, नीति तथा कार्यक्रम र लक्ष्यभित्र रहेर नविनतम् ढंगबाट कार्य गर्नका लागि निर्देशन दिनुभयो । त्यसैगरी वहाँले कर्मचारीहरुले उच्च मनोबलका साथ संविधान र विद्यमान कानूनले दिएको क्षेत्राधिकारभित्र रहेर लगनशील, आत्मअनुशासित तथा आर्थिक अनुशासन कायम राख्दै नतिजामुखी काम गर्नुपर्नेमा जोड दिनुभयो । वहाँले मानव संशाधनको विकासलाई प्रभावकारी बनाउँदै संस्थागत क्षमता अभिवृद्धि गरी चुनौती र समस्याहरुको सृजनात्मक समाधानमा जोड दिनुभयो । आगामी दिनमा आईपर्ने चुनौति तथा समस्याहरु नदोहोरिने गरी आ.ब.०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रम शत प्रतिशत प्रगति हासील गर्ने गरी कार्यान्वयनमा ध्यान दिन मन्त्रालय तथा  मातहतका सबै निकायलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. आर.पी. बिच्छाज्यूले मन्त्रालयको समग्र प्रगति सन्तोषजनक रहेको बताउदै ७५३ स्थानीय तहको समन्वय र सम्पर्क गर्ने बृहद भूमिका रहेको यस मन्त्रालयले स्थानीय तहको योजना तथा अनुगमन प्रणाली, तथ्यांक व्यवस्थापनलाई प्रभावकारी बनाउन भूमिका निर्बाह गर्नुपर्ने बताउनुभयो | यसैगरी उहाँले यस मन्त्रालयले सुशासन प्रबर्द्धनलाई केन्द्रबिन्दुमा राखेर कार्य गर्नुपर्नेमा बिशेष जोड दिनु भयो |  साथै आवधिक योजनाका राष्ट्रिय लक्ष्यहरुसँग अन्तर आबद्धता देखिने गरी प्रगतिको समिक्षा गर्नुपर्ने र राष्ट्रिय समस्या समाधान समितिको निर्णय पूर्ण कार्यान्वयनको प्रत्याभूति गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो।

मन्तब्यकै क्रममा मन्त्रालयका सचिव डा. कृष्णहरि पुस्करले छलफलमा उठेका बिषय प्रस्ट्याउदै मन्त्रालयवाट भएका महत्त्वपूर्ण कार्यहरुको बारेमा संक्षेपमा प्रष्ट पार्नु भएको थियो । वहाँले कर्मचारी तथा स्थानीय तहका पदाधिकारीहरुको क्षमता विकासमा मन्त्रालय क्रियाशील रहेको र सोसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइएको समेत जानकारी गराउनु भयो । वहाँले अन्तर मन्त्रालय समन्वय प्रभावकारी हुन नसक्दा आयोजना र कार्यक्रमहरु संचालनका लागि आवश्यक कार्यविधि समयमै निर्माण नभएकोले पनि कतिपय कार्यक्रम संचालन हुन नसक्दा बार्षिक लक्ष्य अपेक्षाकृत पूरा हुन नसकेको धारणा राख्नु भएको थियो ।

उक्त अवसरमा मन्त्रालयका सह-सचिव श्री कमलप्रसाद भट्टराईले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय र अन्तर्गतका निकाय,कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७९/०८० को लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकाय/कार्यक्रमहरुको लागि कायम बार्षिक बजेट रु ९ अर्ब १६ करोड ६ लाख   रहेकोमा जम्मा खर्च रु ३ अर्व २३ करोड ९९ लाख खर्च भएको  प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । बार्षिक जम्मा खुद बजेटको (संघीय) ३५.३७ प्रतिशत वित्तीय प्रगती रहेको जसमध्ये चालु खर्चतर्फ ८ अर्ब ४२ करोड ६७ लाख रहेकोमा

जम्मा खर्च रकम रु २ अर्ब ५४ करोड ४७ लाख (३०.२० प्रतिशत) र  पूँजिगत खर्च तर्फ रु ७३ करोड ३९ लाख रहेकोमा जम्मा खर्च रु ६९ करोड ५२ लाख (९४.७३ प्रतिशत) भएको विवरण सहितको प्रतिवेदन पेश गर्दै दाताबाट सोझै कार्यान्वयन हुने २ वटा कार्यक्रम र बजेटको ठुलो अंश रहेको तर कार्यान्वयनमा जान नसकेको नवप्रबर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रममा विनियोजित जम्मा बजेट रु. ५ अर्ब ५० करोड घटाउदा मन्त्रालयको खुद वितिय प्रगती ७२.५८ प्रतिशत हुने विवरण समेत प्रस्ट पार्नु भएको थियो। वहाँले यस अवधिमा प्राप्त भएका प्रमुख उपलब्धीहरुको वारेमा उल्लेख गर्दै आ.ब.०७९/०८० मा सङ्घीय निजामती सेवा ऐनको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्मा पेस हुने चरणमा रहेको, फोहोरमैला ब्यबस्थापन ऐनको मस्यौदा तयार गरी सरोकारवाला निकायको राय/परामर्श लिने क्रममा रहेको, स्थानीय तहको लागि थप ५ वटा  नमुना कानुन तयार गरिएको, निर्माणजन्य सामाग्रीको ब्यबस्थापन तथा नियमन सम्बन्धमा ब्यबस्था गर्न बनेको विधयेक मन्तिपरिषद्मा पेश गरिएको, ११ वटा स्थानीय तहको आवधिक योजनाउपर सुझाब प्रदान, २२४१ जना अधिकृत कर्मचारीलाई प्रशिक्षण, २१ वटै सङ्घीय मन्त्रालयको ब्यबस्थापन परिक्षण, ३९ वटा स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी स्थलगत परिक्षण तथा सहजीकरण, १५ वटा स्थानीय तहको कार्यसम्पादन सहजीकरण, बिभिन्न २५ वटा निकायमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण लगायतको कार्यसम्पादन गरिएको विवरण प्रस्तुत गर्नुभएको थियो | साथै कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा देखापरेका समस्याहरुको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्पहरु समेत प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा राष्ट्रिय किताबखाना, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानले आ-आफ्ना बार्षिक अवधिको प्रगति संक्षेपमा प्रस्तुत गरेका थिए। त्यस्तै  अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरुले समेत बजेट खर्च, वित्तिय एवं भौतिक प्रगति प्रति आ-आफ्नो धारणा र सुझाब राख्नुभएको थियो।

प्रवक्ता

मितिः २०८०  साल साउन २२  गते

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय